निर्णयहरू:-

१. नेपाल सरकारले संवत् २०८० वैशाख १ गतेदेखि चैत्र मसान्तसम्म एक वर्षभरिमा सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायको लागि सार्वजनिक, पर्व एवम् सट्टा बिदा र कार्यालय समय निर्धारण गरेको सूचना राजपत्रमा प्रकाशित भएको व्यहोरा सबैमा अवगत नै छ । उल्लेखित सूचनामा **सार्वजनिक सेवा प्रवाहसम्बन्धी विशेष व्यवस्था** खण्डमा उल्लेख भएका बिदाका दिनमा सम्बन्धित कार्यालयहरूले अनिवार्य सेवा प्रवाहको व्यवस्था मिलाउने र सर्वसाधारणको जानकारीको लागि सूचना समेत प्रकाशित गर्ने । साथै, सो को जानकारी जिल्ला प्रशासन कार्यालय, मकवानपुरलाई गराउने ।

२. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम कार्यालयहरूले आ-आफ्नो कार्यालयबाट नियमित रूपमा प्रकाशन गर्नुपर्ने स्वत: प्रकाशन चालु आ.व. को चैत्र मसान्तसम्मको क्रियाकलापहरू समेटी २०८० वैशाख १० गतेभित्र प्रकाशन गरी आ-आफ्नो कार्यालयको सूचना पाटी, वेबसाइट र फेसबुक पेज मार्फत सार्वजनिकीकरण गर्ने ।

३. जिल्लास्थित सबै सेवा प्रदायक सरकारी कार्यालय तथा संघ संस्थाहरूले स्वास्थ्य कार्यालय, मकवानपुर तथा सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय गरी आ-आफ्नो संस्थामा कार्यरत सबै कर्मचारीहरूलाई अनिवार्य रूपमा कोभिड-१९ विरूद्धको दोस्रो बुस्टर डोजको मात्रा लगाउने व्यवस्था मिलाउने ।

४. जिल्लास्थित सबै सरकारी सेवा प्रदायक कार्यालयहरूले कार्यालय/संस्थामा सेवा लिन आउने सेवाग्राहीहरूलाई अनिवार्य मास्क तथा सेनिटाइजरको प्रयोग गरी स्वास्थ्य सतर्कता अपनाउने, साथै कोभिड-१९ विरूद्धको दोस्रो बुस्टर डोजको मात्रा लगाए, नलगाएको सुनिश्चितता गर्ने ।

५. व्यक्तिगत सरसफाई, एक अर्कामा भौतिक दूरी कायम राख्ने तथा बढी भिडभाड हुने स्थानहरूमा मास्क तथा सेनिटाइजरको प्रयोग गर्ने लगायत जनस्वास्थ्यका मापदण्डहरू पालना गर्ने, गराउने सम्बन्धी संदेशमूलक प्रचार सामग्रीहरू सबै स्थानीय तहहरू र स्वास्थ्य कार्यालयले प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने ।

राजेन्द्रदेव पाण्डे
प्रमुख जिल्ला अधिकारी